# शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

व्याङ्बारी, झापा

कोशी प्रदेश, नेपाल

प.सं.:
च.नं

मितिः २०८२-५-५

**८ नं. वडा कार्यालयको भुई तलामा रहेका ४ वटा सटरकोठाहरू भाडामा लगाउने सम्बन्धी सूचना**

शिवसताक्षी नगरपालिका ८ नं. वडा कार्यालयमा रहेका ४ वटा-व्यवसायीक सटर कोठाहरू न्यूनतम प्रति सटर प्रति महिना रु. ५,०००/- का दरले एकमुष्ट रु. २०,०००/- भ्याट तथा अन्य कर सहित कबोल रकम अनुसारको मासिक भाडा रहने गरि भाडामा लिई व्यवसाय सञ्चालन गर्न चाहने व्यवसायी/व्यक्ति/संस्थाले शिवसताक्षी नगरपालिकाको कार्यालयमा कबोल रकमसहित सिलबन्दी निवेदन पेस गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भाडा सम्बन्धी सर्तहरू:

१. इच्छुक व्यवसायी/व्यक्ति/संस्थाहरूले सूचना प्रकाशन भएको ७ दिनभित्र (२०८२-५-११ गतेभित्र, सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलोदिन) कबोल रकम अङ्क र अक्षर दुवैमा उल्लेख गरि सिलबन्दी निवेदन दिनु पर्नेछ । सबै भन्दा बढी रकम कबोल गर्ने व्यवसायी/व्यक्ति/संस्था छनौट गरि सम्झौता गरिनेछ । सिलबन्दी खामको अगाडि निवेदनको विषय, निवेदन दिने व्यवसायी/व्यक्ति/संस्थाको नाम, ठेगाना, सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ ।

२. सटरकोठा प्रयोग गर्ने व्यवसायी/व्यक्ति/संस्थाले व्यवसाय, संघ, संस्थाको प्रकृति अनुसारको व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने छ । सञ्चालनमा रहेको व्यवसायको हकमा ठाउँसारी गर्नुपर्नेछ ।

३. सटरकोठाको सजावट, फर्निचर, घेरावारा, रङ्गरोगन व्यवसायी स्वमले गर्नुपर्नेछ ।

४. सटरकोठा भाडामा लिए वापत कबोल गरेको भाडाको ३ (तीन) महिना बराबरको रकम धरौटी वापत सम्झौताअगाडि नगरपालिकामा जम्मा गर्नु पर्नेछ । धरौटी वापतको रकम सटर छोड्दा मात्र फिर्ता गरिनेछ ।

५. सटर भाडा महिना समाप्त भएको ७ (सात) दिनभित्र अनिवार्य बुझाउनु पर्नेछ । ७ दिन नाघेमा १ महिनासम्म ५ प्रतिशतको दरले थप विलम्ब शुल्क लाग्ने छ । १ महिना देखि २ महिनासम्म १० प्रतिशतका दरले थप विलम्ब शुल्क लाग्ने छ । २ महिना अवधि नाघेमा धरौटी रकम जफत गरी सम्झौता भङ्ग गरिनेछ ।

सुनिता तुम्बाहाङ्फे
प्रशासकीय अधिकृत

# शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

ब्याङ्डाँडा, झापा

कोशी प्रदेश, नेपाल

प.सं.:
च.नं.

६. खानेपानी तथा विद्युत सबमिटर एक पटक वाईरिङ्ग मिटर जडान नगरपालिकाले गर्नेछ र सोमा उठेको अंकको आधारमा वील भुक्तानी सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ । विद्युत तथा खानेपानीको महसुल मासिक रुपमा भाडाको रकम सहित नगरपालिकामा बुझाउनु पर्नेछ । । विद्युत तथा खानेपानीको महसुल वापतको सबमिटरमा उठेको अङ्कको रेकर्ड नगरपालिकामा राखिनेछ । विद्युत तथा खानेपानीको रकम वक्यौता राखी बहाल रकममात्र भुक्तानी गर्न पाइने छैन ।

७. व्यवसायबाट निस्किएको फोहरमैला निश्चित ठाउँमा व्यवसायी आफैले व्यवस्थापन गर्नुपर्नेछ ।

८. नगरपालिकाले तोकेको दररेटअनुसारको फोहोर मैला व्यवस्थापन शुल्क सम्बन्धित पक्षलाई व्यवसायीले बुझाउनु पर्नेछ ।

९. कानूनले बर्जित गरेको सामानहरू विक्री वितरण गर्न पाईने छैन । यदि कसैले गरेको प्रमाणित भएमा जुनसुकै बखत धरौटी रकम जफत गरी सम्झौता रद्ध गरिने छ ।

१०. प्रत्येक २ (दुई) बर्षमा १० (दश) प्रतिशतका दरले भाडा वृद्धि हुनेछ ।

११. व्यवसायीले सटरकोठा छोड्नु पर्ने भएमा १ महिनाअगाडि नै नगरपालिकमा जानकारी गराउनु पर्नेछ ।

१२. सबैभन्दा बढी कबोल रकम पेस भएका एक भन्दा बढी निवेदन प्राप्त भएमा डाक बडाबडको आधारमा व्यक्ति तथा संस्था छनौट गरिनेछ ।

१३. माथि उल्लेख नभएका सर्तहरू कार्यालयको निर्णय र प्रचलित कानूनअनुसार हुनेछ ।

**पेस गर्नुपर्ने कागजपत्र**

१. कबोल रकम अङ्क र अक्षर दुबैमा उल्लेख गरेको सिलबन्दी निवेदन
२. व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र,
३. व्यवसायको हकमा, नागरिकता प्रमाणपत्र, पान नं, संस्था दर्ता प्रमाणपत्र, आ.व ०८०।८१ को कर चुक्ता प्रमाणपत्र ।

............................
सुनिता तुम्बाहाम्फे
प्रमुख प्रशासकीय अधिकृत